नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे
टेलिफोन नं.०११-४१५०५५
फ्याक्स नं.०११-४१५०७८

प.सं. :- २०८३।८४
च.नं. :-

मितिः २०८३/०५/०३

## जुनियर नापी तालिम ६६ औं ब्याच (खुला) समूहको दरखास्त आव्हान सम्बन्धी सूचना।

यस केन्द्रको आ.व. ०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्नुपर्ने एक वर्ष अवधिको जुनियर नापी तालिम (खुला) मा खुला प्रतिष्पर्धाका आधारमा प्रशिक्षार्थीहरू छनौट गर्नुपर्ने भएकाले देहायको योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवेदन आव्हान गरिएको छ ।

खुलातर्फ आवश्यक प्रशिक्षार्थी सख्याः २४ जना

क. खुलातर्फः १४ जना (प्रत्येक प्रदेशबाट दुई जनाका दरले १४ जना)

ख. समावेशी तर्फः १० जना (सबै प्रदेशका लागि एकमुष्ठ महिला-४ जना आदिवासी जनजाति-२ जना, मधेशी-२ जना, दलित-१ जना र पिछडिएको क्षेत्र-१ जना)

१. उम्मेदवारको लागि आवश्यक योग्यता

क. नेपाली नागरिक भएको हुनुपर्ने,

ख. गणित सहित विज्ञान विषयमा १०+२ उत्तीर्ण वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने,

ग. १०+२ मा न्यूनतम ५०% वा CGPA 2.0 (Out of 4) वा सो सरह प्राप्त गरी उत्तीर्ण भएको,

घ. आवेदन दिने अन्तिम मिति सम्म २८ वर्ष ननाघेको हुनुपर्ने,

ङ. सरकारी सेवामा रहेको आवेदकले सम्बन्धित निकायको सिफारिस र समावेशी तर्फ आवेदन गर्ने उम्मेदवारहरुले (महिला बाहेक) प्रचलित कानून बमोजिम समावेशिताको प्रमाण पत्र समेत,

२. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख. गणित सहित विज्ञान विषयमा १०+२ उत्तीर्ण वा सो सरहको लब्धाङ्कपत्र तया चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

ग. नेपाल बाहिरबाट अध्ययन गरी शैक्षिक योग्यता प्राप्त गर्नेको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि,

घ. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति,

ङ. समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(१) आदिवासी जनजातिका हकमाः नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा जिल्ला प्रशासन कार्यालयबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(२) दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित भएको कागजात।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रे

टेलिफोन नं.०११-४१५०५५
फ्याक्स नं.०११-४१५०७८

प.सं. :- २०८३।८४ मितिः २०८३/०५/०३

च.नं. :-

(३) मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(४) पिछडिएको क्षेत्रका हकमाः निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

३. दरखास्त बुझाउने प्रक्रियाः केन्द्रमा स्वयम् उपस्थित भई वा केन्द्रको ईमेल ठेगाना info@lmtc.gov.np वा केन्द्रको बेवसाइट www.lmtc.gov.np मा दिइएको लिङ्क मार्फत दरखास्त बुझाउन सकिनेछ ।

४. दरखास्त तथा परीक्षा दस्तुर: खुला समूहका लागि रु ४००/-(अक्षरेपी चार सय) मात्र र प्रत्येक समावेशी समूह तर्फको लागि रु २००।- (अक्षरेपी दुई सय) थप दस्तुर लाग्नेछ ।

५. दरखास्त आइपुग्नु पर्ने अन्तिम मितिः २०८३/०५/२३ भित्र र सो पछि मिति ७ दिनसम्म (२०८३/०५/३० गते भित्र) दोब्बर दस्तुर सहित बुझाउन सकिनेछ । अन्तिम दिन सार्वजानिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा बुझाउन सकिनेछ ।

६. आवेदन फाराम दस्तुर (बुझाउने बैंक सम्वन्धी विवरण) भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, धुलिखेल शाखा (कार्यालय कोड ३६५०६२६०१) बैंक खाता नं १०००२०००१००००, राजश्व शीर्षक नं १४२२४ (परीक्षा दस्तुर) मा जम्मा हुने गरी जुनसुकै स्थानको राष्ट्रिय वाणिज्य बैंकबाट बुझाउन सकिनेछ ।

७. दस्तुर बुझाएको भौचरको विद्युतीय माध्यमबाट आवेदन गर्दा स्क्यान प्रति पेश गर्न सकिनेछ र भौतिक रुपमा केन्द्रमा आई आवेदन दिंदा आवेदन फारम साथ सक्कल भौचर पेश गर्नुपर्नेछ ।

८. आवश्यक न्यूनतम योग्यता लगायत अन्य कागजातहरु वा प्रमाण नपुगेको देखिएमा केन्द्रले जुनसुकै बखत आवेदन बदर गर्न सक्नेछ ।

९. तोकिएको मिति भन्दा पछि प्राप्त भएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

१०. यस केन्द्रबाट दरखास्त फारम स्वीकृत भएपछि प्रवेश पत्र प्रदान गरिनेछ ।

११. प्रशिक्षार्थी छनौट प्रकृयाः विद्युतीय माध्यमबाट लिखित बस्तुगत परीक्षा संचालन हुनेछ ।

१२. परीक्षा संचालन २०८३/०६/०३ गते बिहान ११:०० बजे हुनेछ। परीक्षा केन्द्र पछी तोकिनेछ ।

१३. लिखित परीक्षाको अन्तिम नतिजा केन्द्रको वेवसाइट र सूचनापाटी मार्फत सोहि दिन प्रकाशन गरिनेछ ।

१४. तालिम संचालन मिति २०८३/०६/१२ गते सोमबारबाट शुरु हुनेछ ।

१५. अन्य आवश्यक कुरा बुझ्नु परेमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काभ्रेको फोन नं. ०११-४१५०५५ मा सम्पर्क गर्न वा कार्यालयमै सम्पर्क राख्न वा केन्द्रको वेवसाइट www.lmtc.gov.np बाट समेत जानकारी प्राप्त गर्न सकिनेछ ।